प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

प्रदेश सरकार
... मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

# विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा परिचालन कार्यविधि, २०७७

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं २ को प्रदेश सरकारले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा परिचालन कार्यविधि, २०७७" रहनेछ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय, प्रदेश नं. २ सम्झनु पर्छ ।

(ख) "निर्देशनालय" भन्नाले सामाजिक विकास मन्त्रालय अन्तर्गतको शिक्षा विकास निर्देशनालय, प्रदेश नं. २ सम्झनु पर्छ ।

(ग) "विद्यालय" भन्नाले सरकारी लगानीमा सञ्चालित सामुदायिक माध्यमिक विद्यालय सम्झनु पर्छ।

३. **कार्यक्रम संचालनको उद्देश्य:** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ:-

(१) विद्यालयहरु बाट बालबालिकोलाई स्वास्थ्य तथा पोषण सम्बन्धमा सचेत गराउने ।

(२) स्वास्थ्य, सफा र सिकाइमैत्री वातावरण तयार गर्ने।

(३) सीपमा आधारित स्वास्थ्य शिक्षा प्रदान गर्ने।

(४) स्वास्थ्यसग सम्बन्धित विद्यालय नीतिहरू कार्यान्वयन गर्ने।

(५) किशोर किशोरीको यौन तथा प्रजनन स्वास्थ्य व्यवस्थापन गर्ने ।

(६) विद्यालयमै प्राथमिक उपचार सेवा प्रदान गर्ने ।

(७) बालबालिकामा मानसिक स्वास्थ्य परामर्श प्रदान गर्ने ।

(८) विद्यालयमा प्रवर्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक स्वास्थ्य सेवा दिने ।

(९) विद्यालय स्वास्थ्य सम्बन्धी अन्य क्रियाकलापहरु कार्यान्वयन गर्ने ।

४. **विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम संचालन:** (१) विद्यालय तहमा अध्ययनरत बालबालिकाको सरसफाइमा सुधार तथा पोषणमा पहुँच बढाउन, किशोर किशोरीको यौन तथा प्रजनन स्वास्थ्यमा सुधार ल्याउन र किशोरीहरुको महिनावारी व्यवस्थित गरी उनीहरुलाई विद्यालयमा नियमितताको वातावरण सिर्जना गर्नको लागि विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम सचालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम शिक्षा विकास निर्देशनालयको वार्षिक बजेट तथा कार्यक्रममा विनियोजन भए अनुसार प्रदेशका सबै जिल्लाबाट १०/१० वटा गरी ८० वाट माध्यमिक तहमा संचालन भएका सामुदायिक विद्यालयहरु छनौट गरी कार्यक्रम संचालन गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम सचालन गर्दा वार्षिक बजेट बढी भएमा सो अनुसार प्रदेशको प्रत्येक जिल्लामा समानुपातिक रुपमा थप विद्यालय छनौट गरी कार्यक्रम संचालन गर्न सकिनेछ ।

(४) कार्यक्रम सचालनको लागि स्टाफ नर्म/अ.न.मी. को छनौट गर्दा समानुपातिक समावेशी सिद्धान्तको आधारमा छनौट गर्नु पर्नेछ ।

५. <u>विद्यालय छनौटको आधार:</u> (१)निर्देशनालयबाट प्रदेश भित्रका प्रत्येक जिल्लाको प्रत्येक प्रदेश निर्वाचन क्षेत्रमा कम्तीमा एक विद्यालयमा दफा ३ बमोजिमको कार्यक्रम संचालन गर्न उपदफा (२) बमोजिमको आधारमा विद्यालय छनौट गरी क्रमश: विस्तार गर्दै लगिनेछ ।

(२) उपदफा (१) बमोजिमको विद्यालयहरु छनौटका आधार देहाय बमोजिम हुनेछ;-

(क) कुल विद्यार्थी संख्या,

(ख) छात्राको प्रतिशत

(ग) दलित, मुसहर, मुस्लिम समुदायको विद्यार्थीको प्रतिशत,

(घ) विद्यालयको भौतिक अवस्था

(ङ) विद्यालयको माध्यमिक तह (कक्षा ९-१२) मा अध्यनरत छात्रा संख्या

६. <u>निर्देशक समिति</u>: (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा आवश्यक नीति निर्देशनको लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछ:-

| | |
|---|---|
| (क) मन्त्री,सामाजिक विकास मन्त्रालय | अध्यक्ष |
| (ख) राज्यमन्त्री,सामाजिक विकास मन्त्रालय, | सदस्य |
| (ग) सचिव, सामाजिक विकास मन्त्रालय | सदस्य |
| (घ) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (ङ)महाशाखा प्रमुख,प्रशासन तथा योजना,सामाजिक विकास मन्त्रालय | सदस्य |
| (च)महाशाखा प्रमुख, स्वास्थ्य हेर्ने, सामाजिक विकास मन्त्रालय | सदस्य |
| (छ)महाशाखा प्रमुख, विद्यालय शिक्षा हेर्ने,सामाजिक विकास मन्त्रालय | सदस्य |
| (ज) निर्देशक, स्वास्थ्य निर्देशनालय | सदस्य |
| (झ) निर्देशक, शिक्षा विकास निर्देशनालय | सदस्य-सचिव |

(२) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार बढीमा तीन जनासम्म विज्ञ वा सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

(३) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) समितिका सदस्यले नियमानुसार बैठक भत्ता पाउने छन्।

७. <u>निर्देशक समितिको काम कर्तव्य र अधिकार</u>: दफा ६ बमोजिम गठित निर्देशन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) विद्यालय स्वास्थ्य सेवा सम्बन्धी आवश्यक नीति तथा योजना स्वीकृत गर्ने;

(ख) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि निर्देशनालयलाई अवश्यक निर्देशन दिने;

(ग) कार्यक्रम कार्यन्वयनमा सहजिकरण गर्न अन्तर निकाय समन्वय गर्ने;

(घ) कार्यक्रमको निरन्तरता, स्तरवृद्धि, विस्तार तथा परिमार्जन सम्बन्धमा आवश्यक निर्णय लिने ।

८. <u>छनौट तथा अन्तर्वार्ता व्यवस्थापन समितिः</u> (१) कार्यविधिको लागि माग गरिएको पद संख्याका आधारमा उम्मेदवारलाई छनौट गर्न र अन्तर्वार्ता समेत लिई सिफारिस गर्न देहायको छनौट तथा अन्तर्वार्ता व्यवस्थापन समिति रहनेछ:-

| | |
|---|---|
| (क) निर्देशक, शिक्षा विकास निर्देशनालय | संयोजक |
| (ख) मन्त्रालयले तोकेको मन्त्रालय अन्तर्गतको नर्सिङ्ग अधिकृत | सदस्य |
| (ग) प्रतिनिधि, प्रदेश लोक सेवा आयोग | सदस्य |
| (घ) प्रतिनिधि,मन्त्रालय | सदस्य |
| (ङ) शाखा अधिकृत,योजना तथा कार्यक्रम,निर्देशनालय | सदस्य सचिव |

(२) उपदफा (१), बमोजिमको छनौट तथा अन्तर्वार्ता व्यवस्थापन समितिले आवश्यकतानुसार अन्य कर्मचारीलाई समेत कामकाजमा खटाउन सक्नेछ।

९. <u>पाठयक्रमः</u> लोकसेवा आयोगले स्टाफ नर्स पदको लागि तयार गरेको पाठयक्रममा आधारित रही विद्यालय नर्सको छनौटको लागि लिखित परिक्षा संचालन गरिनेछ ।

१० <u>विज्ञापनः</u> कम्तिमा पन्ध्र दिनको म्याद दिई अनुसूची-१ बमोजिम निर्देशनालयको सूचनापाटि, मन्त्रालयको सूचनापाटि र वेवसाइट तथा कुनै एक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा विज्ञापनको सूचना प्रकाशन गर्नुपर्नेछ ।

११. <u>प्रश्न निर्माणः</u> प्रश्नपत्र निर्माण गर्दा वस्तुगत प्रश्नको निर्माण मात्र गर्नुपर्नेछ ।

१२. <u>उत्तर पुस्तिकामा संकेत नम्बर राखेः</u> सबै उत्तर पुस्तिकामा अनिवार्य रुपले संकेत नम्बर राखुपर्नेछ।

१३. <u>लिखित परीक्षा संचालनः</u> लिखित परीक्षा ५० पूर्णाङ्कको वस्तुगत प्रश्नमा आधारित हुनेछ र प्रति प्रश्नको भार एक अंक हुनेछ । लिखित परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुनेछ । लिखित परीक्षामा अनुत्तीर्ण हुनेलाई बाँकी छनौट प्रक्रियामा संलग्न गरिने छैन ।

१४. <u>अन्तर्वार्ता</u>: (१) अन्तर्वार्ता ५० पूर्णाङ्कको हुनेछ । अन्तर्वार्ताको अंक प्रदान गर्दा पूर्णाङ्कको न्यूनतम ६०% र अधिकतम ७०% भित्र रही अंक प्रदान गर्नुपर्छ । सो भन्दा बढी वा घटी अंक प्रदान गरेको खण्डमा औचित्य पुष्टि हुने कारण उल्लेख गर्नुपर्नेछ ।

(२) अन्तरवार्ताको ५० अंक लाई देहाय बमोजिम अंकभार कायम गरिनेछः-

(क) उम्मेदवारको शैक्षिक योग्यता वापत - २० अंक (विशिष्ट श्रेणी २० अंक प्रथम श्रेणी १८ अंक द्वितीय श्रेणी १६ अंक र तृतीय श्रेणीको १४ अंक दिइन्छ वा GPA System बाट अंक प्रदान गरिन्छ ।

(ख) कार्य अनुभव वापत - ५ अंक (प्रति वर्ष १ अंकको दरले प्रमाणित विवरण संलग्न भएको हुनु पर्ने) ।

(ग) सम्बन्धित प्रदेश र जिल्लाको वासिन्दा भएमा - ५ अंक ( सम्बन्धित प्रदेश- ३ अंक र सम्बन्धित जिल्ला भएमा - २ अंक) प्रदान गर्नुपर्नेछ।

(घ) अन्तरवार्तामा अधिकतम २० अंक हुनेछ । यस अनुसार अंक प्रदान गर्दा न्युनतम ८(आठ) र अधिकतम १२ (बारह) अंकको सिमा भित्र रही प्रदान गर्नुपर्नेछ ।

१५. <u>अन्तिम नतिजाको विवरण प्रकाशन गर्नेः</u> (१) दफा १३ र १४ बमोजिम सबैभन्दा बढी अंक प्राप्त गर्ने उमेदवारहरुको दफा ८ बमोजिमको छनौट तथा अन्तर्वार्ता व्यवस्थापन समितिको सिफारिशका आधारमा निर्देशनालयले सिम्बोल नम्बर, नाम, थर, ठेगाना, काम गर्न तोकिएको विद्यालय उल्लेख गरी योग्यताक्रमा अनुसार अन्तिम नतिजाको विवरण प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अन्तिम नतिजाको विवरण प्रकाशन गर्दा पद संख्या भन्दा दोब्बर संख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ र सिफारिस भएका उम्मेदवारहरुको सूची सूचना पाटीमा समेत टाँस गर्ने तथा मन्त्रालयको वेवसाइटमा समेत प्रकाशन गर्नुपर्नेछ ।

(३) सिफारिश भएका उम्मेदवारले करार सम्झौता गर्न नआएमा वा कामकाज गर्दा गर्दै बिचैमा छोडेमा वा करार भंग भई पद खाली भएमा वैकल्पिक उम्मेदवारको योग्यताक्रमबाट क्रमशः पदपूर्ति गरिनेछ ।

१६. <u>सेवा करार सम्झौताः</u> (१) सिफारिश भएका मुख्य उम्मेदवारलाई १५ दिनको म्याद दिई निर्देशनालयले सेवा करार सम्झौता गर्न सूचना दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधीभित्र करार सम्झौता गर्न आउने सिफारिश भएका उम्मेदवारसँग निर्देशनालयले अनुसूची-२ बमोजिम सेवा करार सम्झौता गर्नुपर्नेछ । उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सेवा करार सम्झौता गर्दा निर्देशनालयले विद्यालय तोकी कार्य विवरण, कार्यक्षेत्र तथा काम, कर्तव्य र अधिकार समेत तोकी काममा लगाउनुपर्नेछ ।

(४) यस कार्यविधि बमोजिम सेवा करार सम्झौत्ता गर्दा एक आर्थिक वर्षको लागि मात्र करार गर्नु पर्नेछ । कार्य सम्पादन सन्तोषजनक भएमा बढीमा थप एक आर्थिक वर्ष कार्य अवधि थप गर्न सकिनेछ ।

(५) विद्यालय नर्सले स्वेच्छाले करार निरन्तरना गर्न नचाहेमा कम्तिमा १ महिना अगाडी विद्यालयमा लिखित रुपमा जानकारी गराई सो को बोधार्थ निर्देशनालयलाई दिनु पर्नेछ । यसरी जानकारी नगराई काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिईने छैन ।

१७. <u>विद्यालय नर्सको काम, कर्तव्य र अधिकारः</u> दफा १६ बमोजिम नियुक्त विद्यालय नर्सको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यार्थी र समुदायको स्वस्थ जीवनशैलीसंग सम्वन्धी व्यवहारको प्रवर्द्धन गराउने,

(ख) व्यक्ति सरसफाई, वातावरणीय सरसफाई तथा फोहोरमैला व्यबस्थापन सम्बन्धी परामर्श दिने,

(ग) विद्यार्थीलाई शारीरिक व्यायाम, पोषणयुक्त,स्वास्थ्य र खानपिनसँग सम्बन्धित व्यवहार, हात धुने तरिका, स्वास्थ्य शिक्षा तथा व्यबहार परिबर्तन गराउने,

(घ) किशोर -किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवा शिक्षा र परामर्श दिने,

(ङ) विद्यार्थीलाई स्वास्थ्यसँग सम्वन्धित आवश्यक अन्य लैङ्गिक हिंसा, बाल हिंसा रोकथाम, लागु पदार्थ दुर्व्यसनीको नियन्त्रण आदि बिषयमा स्वास्थ्य सेवा, शिक्षा र परामर्श प्रदान गर्ने,

(च) प्राथमिक उपचार र औषधि उपलब्ध गराउन पहल गर्ने ,

(छ) शिक्षक तथा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने र अभिभावकहरुलाई बालबालिकाको स्वास्थ्य पोषण र स्वास्थ्य शिक्षा बारेमा परामर्श दिने,

(ज) विद्यालयमा सूर्तिजन्य पदार्थ मदिराजन्य पदार्थ जङ्क फुड, अखाद्य पदार्थ लगायतका अत्यधिक चिनीयुक्त पेय पदार्थको प्रयोगमा नियन्त्रण गर्ने,

(झ) विद्यालयमा स्वच्छ खानेपानी, छात्रामैत्री शौचालय लगायतका स्वास्थ्य मैत्री पुर्वाधार भए नभएको सन्दर्भमा रेखदेख गर्ने र सो को व्यवस्थापनको लागि आवश्यक समन्वय गर्ने,

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम धनुषा

- यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी कक्षा लिने र किशोरावस्थाको शारीरिक, मानसिक परिवर्तनका अवस्था प्रजनन अङ्गको सरसफाई, परिवार नियोजन र यौन, यौनिकतामा उत्सुकताका विषयमा उचित परामर्श,सल्लाह तथा सुझाव दिने.
- विद्यालय स्वास्थ्य अवस्थाको अभिलेख गर्ने सो को प्रतिवेदन सम्वन्धित स्वास्थ्य संस्था, निकाय तथा समितिलाई जानकारी गराउने.
- विद्यार्थीलाई प्राथमिक उपचार आवश्यक भएमा स्थानीय स्वास्थ्य संस्थासग समन्वय गरि उपचार गराउने वा रिफर गर्ने.
- समुदायमा आधारित स्वास्थ्य जनचेतनामूलक कार्यक्रम संचालन गर्ने.
- विद्यालय स्वास्थ्य इकाई निर्माण गरि विद्यार्थीलाई मानसिक समस्या र स्वास्थय सम्वन्धी आवश्यक परामर्श दिने.
- नियमित रुपमा सरसफाईको व्यवस्थाको पहल गर्ने.
- संघ/प्रदेश/स्थानिय सरकारद्वारा सचालित अन्य क्रियाकलापहरु संचालन गर्ने, गराउने.
- स्वास्थ्यसग सम्वन्धित विषयको अध्ययन तथा अनुसन्धानमा सहभागी हुने वा गर्ने.
- दफा ५ बमोजिमका विद्यालय स्वास्थ्य कार्यक्रमहरुको व्यवस्थापन र संचालन गर्ने.
- स्वास्थ्य सेवा सग सम्बन्धित अन्य आवश्यक क्रियाकलाप गर्ने ।

१८. पारिश्रमिक भुक्तानी: विद्यालय नर्सको पारिश्रमिक सम्वन्धित विद्यालयको खाता मार्फत चौमासिक रुपमा भुक्तानी गर्न सकिनेछ.

१९. करार अन्त्य: विद्यालय नर्सको कार्य सन्तोषजनक नभएको भनी सम्वन्धित विद्यालयले सिफारिश गरेमा निर्देशनालयले आवश्यक छानविन गरी त्यस्तो सेवा करार सम्झौता जुनसुकै समयमा भङ्ग गरी हटाउन सकिनेछ । तर हटाउनु अघि निजलाई सफाइको मौका दिनुपर्नेछ ।

२०. कार्यक्रम संचालन हुने निकाय: निर्देशनालयको संयोजकत्वमा प्रदेशका माध्यमिक तहका विद्यालयमा कार्यक्रम संचालन गरिनेछ ।

२१. कार्यक्रम संचालन प्रक्रिया: प्रचलित कानुन बमोजिम योग्यता पुगेका व्यक्तिलाई कानूनी प्रकृया पूरा गरी स्टाफ नर्स/अ.न.मी. को नियुक्ति तथा परिचालनको काम निर्देशनालयले गर्नेछ ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम धनुषा

२२. <u>विद्यालय स्वास्थ्य इकाई गठन</u>: (१) विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गर्नका लागि देहाय बमोजिमको एक विद्यालय स्वास्थ्य इकाई रहने छ:-

| | |
|---|---|
| (क) प्रधानाध्यापक | संयोजक |
| (ख) विद्यालय नर्स १ जना | सदस्य |
| (ग) महिला शिक्षक/स्वास्थ्य शिक्षक १ जना | सदस्य |
| (घ) विद्यालयमा बालक्लब गठन भएको भए उक्त बालक्लबको अध्यक्ष र क्लबले छानेको १ जना छात्रा सदस्य गरी २ जना वा बालक्लब गठन नभएको भए कक्षा ९ देखि १२ सम्म अध्ययनरत छात्रा मध्येबाट प्रधानाध्यापकले छनौट गरेको २ जना छात्रा | सदस्य |

(२) विद्यालय स्वास्थ्य इकाईको आवश्यक पूर्वाधार अनुसूची -३ मा उल्लेख भए बमोजिम हुनुपर्नेछ ।

२३. <u>अभिलेखीकरण, अनुगमन, मूल्याङ्क र सुपरिवेक्षण</u>: (१) विद्यालय स्वास्थ्य सेवामा खटिने नर्सले आफूले सम्पादन गरेको कार्य रिपोर्टिंग सम्वन्धित विद्यालय प्रशासन, स्थानीय तहको स्वास्थ्य शाखा र शिक्षा विकास निर्देशनालयमा नियमित रुपमा गर्नुपर्छ ।

(२) निर्देशनालयले प्राप्त प्रतिवेदनको समष्टि विवरण सामाजिक विकास मन्त्रालयमा नियमित रुपमा पठाउनु पर्नेछ ।

(३) मन्त्रालय, निर्देशनालय र स्थानीय तहले कार्यक्रमको आवश्यकता अनुसार अनुगमन गर्नेछन् ।

(४) कार्यक्रमको अभिलेखिकरण तोकिएको ढाँचामा राख्नुपर्नेछ ।

(५) यसरी सम्पादित कामहरुको अनुगमन, मूल्याङ्क र प्रतिवेदन निर्देशनालयले गर्नेछ ।

२४. <u>कार्यक्रम विस्तार:</u> मन्त्रालयले स्थानीय तह र नीजि विद्यालयको लागत सहभागितामा यो कार्यक्रमलाई प्रदेशको सबै विद्यालयमा क्रमशः विस्तार गर्दै लैजान सक्नेछ ।

२५. <u>विविध</u>: यस कार्यविधि कार्यान्वयनको क्रममा विद्यालय छनौट, बिज्ञापन, परिचालन, अनुगमन तथा मुल्याङ्कन लगायतका यससँग सम्बन्धित आर्थिक भार पर्ने बिषयहरु सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन तथा प्रदेश सरकारको खर्च मापदण्ड निर्देशिका अनुसार हुनेछ ।

२६. <u>कार्यविधिको संशोधन</u>: आवश्यकतानुसार यस कार्यविधिलाई प्रदेश सरकारले संशोधन गर्न सक्नेछ ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम धनुषा

अनुसूची -१

(दफा १० सँग सम्बन्धित आवेदनको ढाँचा)

प्रदेश सरकार

शिक्षा विकास निर्देशनालय

प्रदेश नं. २, जनकपुरधाम

## सेवा करारमा लिने सम्बन्धी सूचना

(सुचना प्रकाशित मिति : २० / / )

यस निर्देशनालयको आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम "स्वास्थ्य सुदृढीकरण र बेटी बचाउ बेटी पढाउ कार्यक्रमलाई सहयोग पुर्याउन प्रदेशका विद्यालयहरुमा स्टाफ नर्स/अनमि परिचालन कार्यक्रम" अन्तर्गत प्रदेश भित्रका ८ वटै जिल्लाका सामुदायिक विद्यालयहरुमा रहने गरी विद्यालय नर्सको रुपमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको ५:०० बजेसम्म दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सुचना प्रकाशन गरेको छ । यसको फाराम, कार्य-विवरण,पारिश्रमिक, सेवाका शर्तहरु सहितको विसतृत विवरण कार्यालयबाट वा वेवसाइट www.edd.p2.gov.np बाट उपलब्ध हुनेछ ।

१.माग पद संख्या:

२. शैक्षिक योग्यता र अनुभव :

क.नेपाली नागरिक ।

ख.आरक्षणको लागि प्रमाणित कागजात पेश गर्नुपर्ने

ग.न्युनतम योग्यता : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स वा अ.न.मि उतिर्ण गरेको

घ.१८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने ।

ङ.नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको (प्रमाण-पत्र)

च.सम्बन्धित क्षेत्रमा अनुभव भएको र स्थानीयलाई प्राथमिकता दिइनेछ ।

छ.अन्य प्रचलित कानून द्वारा अयोग्य नभएको ।

३.दरखास्तमा संलग्न गर्नुपर्ने: उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, प्रचलित नेपाल कानुन बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणित सलग्न हुनपर्ने छ । पेश गरिने सबै प्रतिलिपीको. पछाडी उम्मेदवार स्वयले हस्ताक्षर गरी प्रमाणित सलग्न हुनुपर्ने छ । पेश गरिने सबै प्रतिलिपीको पछाडी उम्मेदबार स्वयले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

४.छनौट: शैक्षिक योग्यता, प्रदेशबासी, अनुभव र अन्तर्वार्ताको आधारमा गरिनेछ ।

५.तलब स्केल:प्रचलित कानुन बमोजिम हुनेछ ।

६.सम्पर्क मिति :सुचना प्रकाशन गरि सम्पर्क मिति तोकिनेछ ।

७.अन्तर्वार्ता मिति:सम्पर्क मितिमा जानकारी गराइनेछ ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम धनुषा

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
प्रदेश न. २ ,जनकपुरधाम
(दरखास्त फारामको ढाँचा)

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत

(क) उम्मेदवारले दरखास्त फाराम भरेको पद सम्बन्धी विवरण

| | | | |
|---|---|---|---|
| १ विज्ञापन नं | २ पद | ३ सेवा | ४ समूह |
| ५ समावेशी समूह | ६ श्रेणी तह | ७ परीक्षा केन्द्र | |

ख उम्मेदवारको व्यक्तिगत विवरण

| | | | |
|---|---|---|---|
| उम्मेदवारको | नाम थर (देवनागरिकमा) | | |
| | नाम थर अंग्रेजीमा | | लिङ्ग: |
| | नागरिकता नं: | जारी गर्ने जिल्ला . | मिति : |
| स्थायी ठेगाना | जिल्ला गा.पा.न/.पा. | वडा न. | |
| | ईमेल | फोन न . | |
| पत्राचार गर्ने ठेगाना : | | | |
| बाबुको नाम, थर | | आमाको नाम थर | |
| बाजेको नाम, थर | | पति पत्नीको नाम थर | |
| जन्ममिति (वि.स.मा) | | ईस्वी सनमा | हालको उमेर वर्ष महिना |

ग शैक्षिक योग्यता तालिम दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता तालिम मात्र उल्लेख गर्ने

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय बोर्ड संस्था | तालिम दिने शैक्षिक उपाधि तालिम | संकाय | श्रेणी प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम धनुषा

घ. अनुभव सम्बन्धी विवरण: दरखास्त फारम भरेको पदको विज्ञापनको लागि अनुभव सम्बन्धि विवरण आवश्यक भएमा मात्र उल्लेख गर्ने

| कार्यालय | पद | सेवा समूह उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन । दरखास्त बुझाएको पदको विज्ञापनको लागि अयोग्य ठहरिने कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानुन बमोजिम सहनेछु बुझाउनेछु । उम्मेदवारले पालन गर्ने भनी प्रचलित कानुन तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु ।

उम्मेदवारको ल्याप्चे सहीछाप

| दायाँ | बायाँ |
|---|---|
| | |

उम्मेदवारको दस्तखत

मिति

दरखास्त अस्वीकृत भए सो को कारण

दरखास्त रुजु गर्नेको नाम र दस्तखत

मिति

दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत

मिति

द्रष्टव्य: दरखास्त विज्ञापनमा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ:

1. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
2. समकक्षता भए सो को प्रमाणपत्र,
3. विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाण-पत्रको र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि
4. सेवा सम्बन्धी ऐन नियमावलीमा तोकिएको भए सम्बन्धित व्यवसायिक परिषदमा नामदर्ता भएको प्रमाणको प्रतिलिपि।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
प्रदेश नं. २, जनकपुरधाम

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम धनुषा

हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत

## प्रवेश पत्र

रोल नं

नाम थर

समूह / उप समूह : विज्ञापन नं: समावेशी समूह:

पद तह :

उम्मेदवारको दस्तखत

कर्मचारीले भर्ने :

विज्ञापनमा नोकरीको सर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ ।

परीक्षा केन्द्र

अधिकृतको दस्तखत

---

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
प्रदेश नं. २, जनकपुरधाम

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत

## प्रवेश पत्र

रोल नं

नाम थर :

समूह / उप समूह : विज्ञापन नं: समावेशी समूह:

पद तह :

उम्मेदवारको दस्तखत

कर्मचारीले भर्ने:

विज्ञापनमा नोकरीको सर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ ।

परीक्षा केन्द्र अधिकृतको दस्तखत

अनुसूची - २

(दफा ३६ सँग सम्बन्धित करार सम्झौता पत्रको ढाँचा)

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

शिक्षा विकास निर्देशनालय

प्रदेश नं. २ जनकपुरधाम

पत्र संख्या: मिति

च.नं.

श्री .................. ..........................

ठेगाना ......... ........... .................

विषय: करार सम्झौता ।

तपाईंलाई यस निर्देशनालयको मिति २०७...... ..../... मिति २०७...... /....../ देखि २०७...... ...... ..... सम्म .....पदमा सेवा करार सम्झौता गरिएको छ । उक्त पदमा संलग्न कार्यक्षेत्र अनुसार आफ्नो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन अपेक्षा गरिन्छ । यो सेवामा नियुक्त भएकोमा हार्दिक बधाई छ ।

निर्देशक

बोधार्थ

श्री.................. ..............महा/उपमहा/नगरपालिका/गाँउपालिका..........
आवश्यक अनुगमन तथा सहयोगका लागि ।

श्री........ विद्यालय.................... सम्झौता अनुसारको कामकाज गराउनु हुन ।

श्री आर्थिक प्रशासन शाखा: प्रमाणित हाजिर, Time Sheet सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रुपमा उपलब्ध गराउनुहुन ।

श्री सामाजिक विकास मन्त्रालय, प्रदेश नं. २, जनकपुरधाम ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम धनुषा

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

## अनुसूची

(दफा [illegible] को उपदफा ([illegible]) सँग सम्बन्धित)

## विद्यालय स्वास्थ्य इकाइको आवश्यक पुर्वाधार

कार्यकक्ष Set up:

- कुर्सी - ३, टेबल-१, कम्प्युटर (इन्टरनेट सुविधा सहित) -१, दराज-१, बेन्च-१,
- सुचनापाटि -१, स्वास्थ्य शिक्षा सामग्री र प्रदर्शन बोर्ड
- कपडा राख्ने रेक / ह्यांगर -१, अतिरिक्त विधार्थी ड्रेस मेडी, पेन्ट आदी
- हात धुने सुविधा
- स्टेशनरी आवस्यकता अनुसार लग बुक, r egi st er
- पर्दा तथा अन्य सामग्री आवस्यकता अनुसार विध्यालय ले थपघट गर्न सक्नेछन्

क्लिनिक set up

- Bed, Foot step
- Torch Light, Measuring Tape, Tuning Fork, Knee hammer
- First Aids Kit with basic medicine, First Aids chart
- waste bin different Colors
- B.P set Thermometer, horoscope, ophthalmoscope
- Dressing set, Bandage, splint
- Weight Scale, Height scale
- Smelled Chart (Visual Acuity Chart)
- Sanitary Pads
- sick Room, bed
- IEC/BCC/ Health promotion corner with materials
- Anatomical chart /reproductive System
- Referral Slip, service Register